जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २४९ • २०८२ आषाढ १५ गते आईतवार • 29 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

## १० हेक्टर जमिनमा बृक्षारोपण गर्ने कार्यको उद्घाटन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ आषाढ**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न वृक्षरोपण एक मात्र विकल्प भएको बताउनुभएको छ। शनिबार राष्ट्रिय वृक्षरोपण दिवस २०८२ को अवसरमा धनुषाको धनुषाधाम नगरपालिका-९, मुर्गियास्थित बुद्ध कबुलिय वन क्षेत्रभित्र खाली रहेको १० हेक्टर जमिनमा वृक्षरोपण कार्यको उद्धाटन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनले मधेश प्रदेशमा विशेष गरी खेतीयोग्य जमिनमा नकारात्मक असर, भूमिगत जलको ह्रास, तापक्रम वृद्धिलगायतका समस्याहरू निम्त्याएको उल्लेख गर्नुहँदै वृक्षरोपण गरेर हरियाली वृद्धि गर्न प्रत्येक नागरिकको सक्रिय सहभागिता र जिम्मेवारी आवश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “वृक्षरोपण अब उत्सव नभएर दायित्व हो।जलवायु परिवर्तनको असरबाट देशको आर्थिक, सामाजिक र समग्र क्षेत्रमा प्रभाव परेको छ।यसको समाधानका लागि वृक्षरोपण र त्यसको संरक्षण नै अहिलेको मुल उपाय हो ।” वृक्षरोपणले भूमिगत जलस्रोत पुन:भरण, जमिनको कटान नियन्त्रण, तापक्रम नियन्त्रण र जैविक विविधताको संरक्षणमा योगदान पुग्ने उहाँको भनाइ थियो।अब बिरुवा रोपेर मात्र होइन जोगाउने र हुर्काउने संस्कारको विकास गर्न पनि जरुरी रहेको उहाँले जानकारी दिनुभयो। मधेश प्रदेशका वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले जलवायु परिवर्तन विश्वव्यापी चुनौतीको रूपमा देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, “जलवायु परिवर्तनको असरले पृथ्वीको पर्यावरण चक्रलाई नै गम्भीर क्षति पुऱ्याइरहेको छ।नेपालले पनि यसको मूल्य सामाजिक, आर्थिक र पर्यावरणीय क्षेत्रमा चुकाइरहेको छ।” उहाँले मधेशमा दिनप्रतिदिन वन विनाश भइरहेकाले बाढी र भू-क्षयको समस्या तीव्र बनेको जनाउँदै रोपिएका बिरुवाको संरक्षणसहितको वृक्षरोपण अभियान ८ वटै जिल्लामा सञ्चालन भइरहेको जानकारी दिनुभयो।मन्त्री यादवले जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम गर्ने दीर्घकालीन उद्देश्यसहित वृक्षरोपण अभियान सञ्चालन गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, वृक्षरोपणले भूमिगत जलस्रोत पुन:भरण, जमिनको कटान नियन्त्रण, तापक्रम नियन्त्रण र जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउने छ।यसका लागि सरकार मात्र होइन प्रत्येक नागरिकको सक्रिय सहभागिता र जिम्मेवारी आवश्यक रहेको स्पष्ट पार्नुभयो। उहाँले जनताको भूमिकाबिना वृक्षरोपण अभियान सफल नहुने उल्लेख गर्दै स्थानिय समुदाय, विद्यालय, युवा क्लब, नागरिक समाज र सञ्चार माध्यमको सहयोग अपरिहार्य भएको बताउनुभयो। बुद्ध कबुलियत वन क्षेत्रभित्र खाली रहेको १० हेक्टर जमिनमा बाँस, सिसौ, आमला, सिमल, टिक, आँपलगायत फलफूल तथा काठजन्य रुखका बिरुवा रोपिने डिभिजन वन कार्यालय धनुषा प्रमुख विनोदन सिंहले बताउनुभयो।

## पालिकाहरुबाट सञ्चालन भएका कामको प्रगतिबारे समीक्षा कार्यक्रम

**जलेश्वरटुडे समाचारदाता**
**गोर, १४ आषाढ**

आर्थिक वर्ष २०८१/८२ मा रौतहटका पालिकाहरुबाट सञ्चालन भएका कामको प्रगतिबारे जिल्ला समन्वय समिति रौतहटले समीक्षा गरेको छ।

समितिको सभा हलमा शुक्रबार सम्पन्न वार्षिक समीक्षा तथा सम्पादित असल अभ्याससम्बन्धी गोष्ठि कार्यक्रममा चन्द्रपुर नगरपालिकाका उपप्रमुख जयमाला कुमारी चौधरीले जिल्ला समन्वय समितिले थालेको यो प्रयासको सराहना गर्नुहुँदै यसले पालिकामा विकासको गति बढ्ने, पारदर्शिता कायममा सहयोग पुग्ने तथा स्थानीय सरकार झन जवाफदेही हुने बताउनुभयो। कार्यक्रममा गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुभाष कुमार ठाकुरले प्रदेश सरकारले योजना सञ्चालन गर्दा स्थानीय सरकारसँग समन्वय नगर्नाले विभिन्न ठाउँमा समस्या हुने गरेकोले स्थानीय सरकार र प्रदेश सरकारबिच समन्वयका लागि जिल्ला समन्वय समितिको भूमिका




महत्त्वपूर्ण हुने बताउनुभयो। यस्तै जिल्ला समन्वय समिति रौतहटका जिल्ला समन्वय अधिकारी अमित कुमार यादवले अबको दिनमा जिल्ला समन्वय समिति सक्रिय भएर रौतहटको विकास निर्माणका काममा हातेमालो गर्ने बताउनुभयो। वहांले प्रदेश कानुन अनुसार कार्यालय काम गर्न प्रतिबद्ध रहेको जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारि विनोद कुमार खड्काले जिल्लाको विकासमा जिल्ला समन्वय समिति अग्रसर हुनुपर्ने धारणा राख्नुभयो। रौतहटमा पालिकाहरुले आफ्नो वार्षिक कार्यक्रम समेत सार्वजनिक गर्न आनाकानी गरिरहेको अवस्थाको अन्त्य गर्नुपर्ने उहाँको भनाइ छ। आर्थिक वर्षको अन्त्यमा आएर पालिका उपप्रमुखले आफ्नो पालिकाको बजेट हेर्न नपाएको भनेर जिल्ला प्रशासन कार्यालय धाउने अवस्था रौतहटमा विद्यमान रहेको भन्नुहुँदै प्रमुख जिल्ला अधिकारी खड्काले प्रत्येक गतिविधि बेवसाइटमा राखेर सबैको पहुँच पुर्याउनु पर्ने बताउनुभयो । प्रमुख जिल्ला अधिकारी खड्काले पालिकामा रहेको न्यायिक समितिलाई सक्रिय पार्न नगर उपप्रमुखहरुलाई आग्रह गर्नुभयो।

## लु बाट बच्ने उपायहरु




कटहरिया नगरपालिकाको कार्यालय, रौतहट

## जलवायु परिवर्तनको असरबाट जोगिऔं

**जलवायु परिवर्तनका असर:**
- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
- तापक्रममा बृद्धि हुने,

**जलवायु परिवर्तनबाट बच्न:**
- नवीकरण उर्जाको प्रयोग गरौं,
- रुख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं,
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड




# परिभाषा बदल्न जरुरी

*नयाँ विचार दण्डित हुने परम्परा मानव समाजमा नौलो मानिन्न, चाहे त्यो आधुनिक विश्वको वैज्ञानिक सभ्यता होस् या अन्धविश्वासी समाजको पुरानत सभ्यता प्रत्येक नयाँ पुस्ता पुरानो पुस्ताको हैरानी, ताडना र कोपभाजनबाट अभिशप्त भएको देखिन्छ। विश्व इतिहासमा यस्तै दृष्टान्त रहेको देखिन पाइन्छ। नयाँ विचारको भ्रुण हुर्काउनु पाल्नु र समाजमा स्थापित गर्नु सुगम कर्ममा रहेको देखिन्छ। नयाँ विचार भ्रुणमा नै हत्या हुने खतरादेखि पुष्पित र पल्लवित हुँदा हरपल खतराको सामना गर्दै हुर्किरहेको देखिन्छ। चेप्टो भनिएको सूर्य गोलो छ भनेर २५ सय वर्षपहिले अनुमान गर्ने र प्रमाणित गर्ने ग्रिक गणितज्ञ पाइथगोरस र दार्शनिक एरिस्टोटलाई आफ्नो निष्कर्ष सुनाउन र बुझाउन हम्मेहम्मे परेका थिए। समाजले सहजै पत्याएन, बहुला कुरा भने।*

*आकाशको सूर्य हेरेर समयको अनुमान गर्ने समयमा पोप सिल्भेस्टरले सन् ९६६ मा घडीको आविष्कार गरेर समय व्यवस्थापन गर्न सजिलो बनाइदिँदा पनि चर्को विरोध गरेर समाजको लय भत्काउने अवाञ्छित गतिविधि भनिएको इतिहास हेर्न सकिन्छ। ईश्वर नै आदि र अन्तिम सत्य भनिएको बेला ईश्वरमाथिको हमला र वज्रपात असामान्य हिम्मतको कुरा रहेका थिए। पापी हठी अपराधी र अधर्मी देखिने चुनौती रहेका थिए। ईश्वरीय विधि र विधानका विरुद्ध आजको मान्छेको क्रियाकलाप केन्द्रित रहेको देखिन्छ। आविष्कार, चिकित्सा अन्तरिक्षको खोज, विज्ञानको अनेकौं चमत्कार ईश्वर प्रतिकूल अवधारणाहरू रहेको छ। ईश्वरसँगको निर्भरता छोड्ने प्रथम कदम नै ईश्वरसँग मान्छेको विद्रोह र प्रगतिको यात्रा रहेको देखिन्छ। अन्तमा यो समाज विज्ञानको नियम नै रहेको देखिन्छ। नयाँ विचारले नैतिकता, धर्म, ईश्वर, परम्परा र संस्कृतिको पुनरावलोकन गर्दै पुननिर्माण र विनिर्माण गर्नुपर्छ भन्ने मत राख्छन। शास्त्रीय नैतिकता र अनैतिकताको परिभाषा बदल्न खोज्दैछन्।*

# स्वच्छता र स्वास्थ्यतर्फ ठुलो पाइला: "स्वच्छ पानी अभियान" को उद्घाटन तथा हस्तान्तरण सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १४ आषाढ**

मधेश प्रदेशको स्वास्थ्य तथा स्वच्छता प्रवर्धनतर्फ लक्षित गर्दै नेपालस्थित चिनियाँ दूतावासले आफ्ना यूथ पायोनियर्स तथा सीएफआरडी नेपाल अफिसको सहकार्यमा स्वच्छ पानी अभियान परियोजनाको उद्घाटन तथा हस्तान्तरण समारोह श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, जनकपुर-०८ र जनकपुर वडा नं. ११ को दलित समुदायमा सम्पन्न गरेको छ।



विद्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रदेशका भौतिक पूर्वाधार मन्त्री श्री सरोज कुमार यादव गरेका थिए भने सामुदायिक कार्यक्रममा मधेशी आयोगका संस्थापक प्रमुख आयुक्त डा. विजय दत्त प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए। कार्यक्रममा मधेश प्रदेशका गृहमन्त्री राजकुमार लेखी, प्रदेश योजना आयोगकी सदस्य ललिता यादव, चिनियाँ दूतावासका उपप्रमुख श्री वाङ सिन, राजनीतिक मामिला निर्देशक श्री यु पेंगचेंग, विभिन्न राजनीतिक दलका नेता, मानव अधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

यस परियोजनाले विशेषगरी पछाडि पारिएका समुदायलाई लक्षित गरी सुरक्षित र स्वच्छ पानीको पहुँच पुर्‍याउने लक्ष्य राखेको छ। यो अभियान चिनियाँ दूतावासको मधेशी जनताको जीवनस्तर उकास्ने दीर्घकालीन मानवीय दृष्टिकोण अनुरूपको प्रयास हो। प्रमुख अतिथि मन्त्री सरोज यादवले, "मधेशी जनताको जीवनस्तर उकास्न यो परियोजना महत्वपूर्ण छ, हामी यस्ता मानवीय कार्यमा सधैं सहकार्य गर्न तयार छौं" बताएका छन्। मधेशी आयोगका संस्थापक अध्यक्ष डा. विजय दत्तले कार्यक्रममा बोल्दै, "भुइँस्तरमै पुगेर चिनियाँ दूतावासले प्रभावकारी काम गरेको छ बताएका छन्। ई.शिवाङ्ग दत्त, परियोजना प्रमुख, चिनियाँ दूतावासले "यो त सुरुवात मात्रै हो।

हामी ग्रामिण र आवश्यक क्षेत्रहरूमा यो अभियान विस्तार गर्दैछौं। हाम्रो उद्देश्य नै जीवन परिवर्तन गर्नु हो भनेर जानकारी दिए। यसअघि, चिनियाँ दूतावासले उज्यालो भविष्य शिक्षा अभियान र आरामदायी बर्थिङ अभियान पनि ३ हप्ताअघि मधेशमा सुरु गरिसकेको छ। स्वच्छ पानी अभियानले मधेशमा स्थायी विकासको नयाँ आशा र सम्भावना बोकेको छ।

# एक युवक शंकास्पद अवस्थामा मृत फेला

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १४ आषाढ**

सिरहा जिल्लाको अर्नमा गाउँपालिका-१ बुदियाचापमा एक युवक शंकास्पद अवस्थामा मृत फेला परेका छन्। स्थानीय रामसेवक महराका छोरा अजय महरा आइतबार बिहान आफ्नै घरको छेउमा रहेको खेतमा मृत भेटिएका हुन्। स्थानीयवासीहरूका अनुसार अजय बिहानैदेखि घरमा देखिएका थिएनन्। खोजतलास गर्दै जाँदा केही समयपछि घर नजिकैको खेतमा उनको शव भेटिएको हो। घटनास्थल हेर्दा शवको अवस्था रहस्यमय देखिएको र मृत्युको कारण प्रस्ट नखुलेकोले स्थानीयले शंका व्यक्त गरिरहेका छन्। घटनास्थलमा स्थानीय प्रहरी टोली पुगिसकेको छ र अनुसन्धान प्रक्रिया अघि बढाइएको छ। प्रारम्भिक रूपमा कुनै ठोस विवरण बाहिर आइसकेको छैन। घटनाबारे थप विवरण र पोस्टमार्टम रिपोर्टका आधारमा मात्रै वास्तविकता खुल्ने जनाइएको छ।



शव भेटिएको खबर फैलिएपछि गाउँमा त्रास र कौतुहलता फैलिएको छ। घटनास्थलको प्रकृति हेर्दा हत्या गरिएको हुन् सक्ने आशंका गरिएको छ। प्रहरीका अनुसार घटनालाई गम्भीर रूपमा लिइएको छ र सबै कोणबाट अनुसन्धान थालिएको छ।

**मधेश प्रदेश सरकार**
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## पूर्वाधार विकास निर्देशनालय
**जनकपुरधाम, धनुषा, नेपाल**

## जनहितमा जारी सन्देश

- सडक हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं, -सडक क्षति पुर्याउन काम नगरौं।
- सडकमा पशु चौपाया छाडा नछोडौँ।
- सडकको दायाँ-बायाँको अधिकार क्षेत्र (राईट अफ वे) Right of way को सीमामा रहेर घर, टहरा लगायतका संरचनाहरु निर्माण गरौँ।
- साँगुरो सडक भएको ठाउँमा ओभरटेक नगरौं, ओभरटेक गर्दा संकेत दिएर, दाहिनेबाट गरौं -सवारी साधनको क्षमताभन्दा बढी यात्रु नबोकौं।
- सडक सधैँ सफा र सुन्दर राखौं, सडकमा फोहोर नफालौं।
- सडकमा ढुंगा, गिट्टी, बालुवा लगायत अन्य निर्माण सामग्री नराखौं, जसका कारण दुर्घटना हुन सक्छ।
- दीगो र बलियो भौतिक संरचनामा जोड दिऔं।

## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: अशुभ समाचार प्राप्त हुने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: मनमा पछुतो आउने
वृश्चिक: लामो यात्राको योग छ
धनु: आम्दानी हुने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: अनावश्यक चिन्ता
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं, मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा, पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४, धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# रुसले पक्रोभस्क नजिकै १ लाख १० हजार सेना परिचालन गर्‍यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ आषाढ**



रुसले पूर्वी युक्रेनको रणनीतिक सहर पक्रोभस्क कब्जा गर्न तयारीस्वरूप करिब १ लाख १० हजार सैनिक तैनाथ गरेको युक्रेनी सेनाका प्रमुख ओलेक्सान्दर सिर्स्कीले शुक्रबार बताएका छन्। उनका अनुसार करिब १,२०० किलोमिटर लामो फ्रन्टलाइनमा अहिले सबैभन्दा 'सक्रिय मोर्चा' पक्रोभस्क वरपरकै क्षेत्र हो।

रुसी सेनाले यो सहर कब्जा गर्न लगभग एक वर्षदेखि निरन्तर आक्रमण गर्दै आएको छ। यद्यपि सैनिक संख्या र हतियारमा स्पष्ट रूपमा बलियो भए पनि रुसले अझैसम्म सहर हात पार्न सकेको छैन। पक्रोभस्क मास्कोको लागि अत्यन्तै रणनीतिक लक्ष्य हो। राष्ट्रपति भ्लादिमिर पुटिनले डोनेत्स्क र लुहान्स्क क्षेत्रको पूर्ण नियन्त्रण आफ्नो लक्ष्य भएको स्पष्ट रूपमा बताइसकेका छन्।

ती दुवै क्षेत्रहरूमा रुस आंशिक नियन्त्रणमा छ। युक्रेन र उसका पश्चिमेली सहयोगीहरूले राष्ट्रपति पुटिनमाथि शान्तिवार्तालाई लम्ब्याउँदै थप युक्रेनी भूभाग कब्जा गर्ने योजना बनाएको आरोप लगाउँदै आएका छन्। पक्रोभस्क ठूला सहरमध्ये नपरे पनि, उक्त सहर एक महत्त्वपूर्ण आपूर्ति मार्ग र रेलमार्गमा अवस्थित छ, जसले क्षेत्रका अन्य सैन्य केन्द्रहरूसँग सम्बन्ध बनाइराखेको छ। कोस्त्यान्टिनिभ्का, कामाटोर्स्क र स्लोभियान्स्कसँगै पक्रोभस्क डोनेत्स्क क्षेत्रमा किभको नियन्त्रणमा रहेका युक्रेनी रक्षा संरचनाको मेरुदण्ड मानिन्छ।

# 'काँटा लगा' बाट चर्चित अभिनेत्री शेफालीको निधन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ आषाढ**



रिमेक गीत 'काँटा लगा' बाट चर्चित भएकी अभिनेत्री शेफाली जरीवालाको ४२ वर्षको उमेरमा निधन भएको छ। मिडिया रिपोर्टका अनुसार, जुन २७ को राति उनलाई हृदयाघात भएको थियो, जसका कारण उनको मृत्यु भएको हो।

मुम्बई प्रहरीले यस मुद्दामा आफ्नो अनुसन्धान सुरु गरेको छ। फोरेन्सिक टोली शेफाली जरीवालाको घरमा पुगेको छ र प्रमाण सङ्कलन गरिरहेको छ। साथै, घरमा काम गर्ने कामदार र भान्सेलाई अम्बोली प्रहरी स्टेसनमा सोधपुछ गरिएको छ। परिवारका सदस्यहरूको पनि बयान लिइँदैछ। स्रोतका अनुसार, शेफालीलाई उनका पति तथा अभिनेता पराग त्यागी र अन्य तीन जनाले शुक्रबार राति अचेत अवस्थामा मुम्बईको अन्धेरीस्थित बेलभ्यू अस्पताल लगेका थिए, जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरेका थिए। अस्पतालका कर्मचारीले शेफाली जरीवालालाई मृत अवस्थामा अस्पताल ल्याइएको पुष्टि गरेका छन्। उनको शव पोस्टमार्टमको लागि कूपर अस्पताल पठाइएको छ।

शेफाली जरीवालाले सन् २००४ मा मित ब्रदर्सका सङ्गीतकार हरमीत सिंहसँग विवाह गरेकी थिइन्। सन् २००९ मा दुवैको सम्बन्ध विच्छेद भयो। त्यसपछि उनले सन् २०१५ मा अभिनेता पराग त्यागीसँग विवाह गरिन्। शेफाली जरीवालाले १९ वर्षको उमेरमा 'काँटा लगा' म्युजिक भिडियोबाट आफ्नो करियर सुरु गरेकी थिइन्, जसले उनलाई रातारात स्टार बनायो।

यस गीतमा उनको बोल्ड शैली र नृत्य शैलीले मानिसहरूको ध्यान खिचेको थियो। यसपछि उनले केही थप संगीत एल्बम र चलचित्रहरूमा काम गरिन्। सन् २००४ मा उनी सलमान खान र अक्षय कुमारको चलचित्र 'मुझसे शादी करोगी' मा पनि देखिइन्।

# घट्यो अमेरिकी डलरको भाउ, कसको कति ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ आषाढ**




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कअनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ४७ पैसा र बिक्रीदर १३७ रुपैयाँ ०७ पैसा निर्धारण गरिएको छ।

शुक्रबारको तुलनामा शनिबार अमेरिकी डलरको भाउ घटेको हो। युरोपियन युरो एकको खरिददर १५९ रुपैयाँ ९० पैसा र बिक्रीदर १६० रुपैयाँ ६० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८७ रुपैयाँ ३९ पैसा र बिक्रीदर १८८ रुपैयाँ २२ पैसा, स्वीस फ्राङ्क एकको खरिददर १७० रुपैयाँ ९० पैसा र बिक्रीदर १७१ रुपैयाँ ६५ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ २० पैसा र बिक्रीदर ८९ रुपैयाँ ६० पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ९७ पैसा र बिक्रीदर १०० रुपैयाँ ४१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०६ रुपैयाँ ९९ पैसा र बिक्रीदर १०७ रुपैयाँ ४६ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ४४ पैसा र बिक्रीदर नौ रुपैयाँ ४८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०३ पैसा र बिक्रीदर १९ रुपैयाँ ११ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ३९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ३४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५० पैसा कायम भएको छ।

# ऐतिहासिक खेलमा नयाँ प्रतिद्वन्द्वीसँग खेल्दै नेपाली महिला टोली

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ आषाढ**



एएफसी महिला एसियन कप छनोट अन्तर्गत समूह एफका खेलहरु आइतबारदेखि उज्बेकिस्तानमा सुरु हुँदैछ। एसियन कप छनोट हुने लक्ष्यसहित उज्बेकिस्तान पुगेको नेपालले नयाँ प्रतिद्वन्द्वी लाओससँग खेलर छनोट यात्रा सुरु गर्नेछ।

नेपालका लागि यो एक खेल मात्र नभएर अन्तर्राष्ट्रिय महिला फुटबलमा ऐतिहासिक खेल समेत हुनेछ। अन्तर्राष्ट्रिय महिला फुटबल खेल्न थालेको चार दशकमा नेपाली महिला टोलीले लाओससँगको खेलबाटै एक सयौं खेल पूरा गर्दैछ। जुन नेपाली महिला फुटबलमा अर्को कोसेढुंगाको रुपमा रहनेछ। छनोटको पहिलो खेल, ऐतिहासिक खेलमा नेपालमा नवनियुक्त मुख्य प्रशिक्षक प्याट्रिक डि वाइल्डले पनि डेब्यू गर्दैछन्। यस खेलमा नेपाल लाओसलाई हराएर सुखद सुरुवात गर्ने लक्ष्यमा छ। खेल उज्वेकिस्तानको तास्केन्तस्थित बुनयोदकोर स्टेडियममा नेपाली समय अनुसार साँझ सवा ६ बजे सुरु हुनेछ। आइतबारै घरेलु टोली उज्वेकिस्तानले श्रीलंकासँग खेल्नेछ। यस समूहमा उज्वेकिस्तान सबैभन्दा बलियो टोलीको रुपमा छ। घरेलु टोली भएकोले उसलाई फाइदा पनि छ। उज्वेकिस्तानसँगै नेपाल समूह विजेता बन्ने दाबेदार टोलीको रुपमा छन्। नेपाल र उज्वेकिस्तानबीचको खेल अन्तिम खेल भएकोले त्यसअघि नेपाल राम्रो सुरुवात गर्न चाहन्छ। समूहको विजेता मात्र महिला एसियन कपमा पुग्ने भएकोले हरेक खेलको नतिजा महत्वपूर्ण हुनेछ। अन्तिममा अंक बराबर भएमा गोल अन्तर पनि महत्वपूर्ण बन्न सक्छ। मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्डले शनिबार आयोजित प्रि-म्याचमा नेपाली टोली शारीरिक र मानसिक रूपमा तयार रहेको बताएका छन्।

'फुटबलमा सबैभन्दा राम्रो पक्ष भनेको उच्च स्तरको अन्तर्राष्ट्रिय खेल खेल्नु नै हो। शारीरिक र मानसिक रूपमा तयार छौं। हामी हाम्रो तर्फबाट बेस्ट दिनेछौं' उनले भने। यस्तै स्टार फरवार्ड सावित्रा भण्डारी साम्बाले पनि हरेक खेल महत्वपूर्ण हुने र पहिलो खेलदेखि नै राम्रो खेल्नुपर्ने बताएकी छन्।


# एचआइभीबाट बचौं

**एचआइभीका लक्षणहरु :**
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काइ (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

**यसरी सर्दैन :**
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाछ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा

**एचआइभी सर्ने माध्यम :**
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिँदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा



**बच्ने उपाय :**
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैं सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुर्‍याउने
- रगत दिँदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने।

**अनुरोधकर्ता**
**जिल्ला स्वास्थ्य कार्यालय**
**धनुषा, मधेश प्रदेश**



# सूचना ।

नेपाल सरकार र अन्तराष्ट्रिय विकास संस्थ (आइडीए) बीच अनुदान सम्झौता भई पाँच वर्षको लागि आ.व. २०७४।०७५ बाट कार्यान्वयनको चरणमा रहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (एफएनएसइपी) को मुख्य ध्येय भनेको लक्षित साना कृषक समुदायको कृषि उत्पादकत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु हो। आयोजनाको मूलभूत प्रतिफल सूचक आधुनिक कृषि प्रविधि (जलवायु अनूकुलन) को अवलम्बन गर्ने कृषकको संख्यामा वृद्धि, कृषि उत्पादकत्वमा वृद्धि र खाद्य असुरक्षा अनुभव सूचकमा सुधार रहेका छन्। यो आयोजना धनुषा, महोत्तरी, सप्तरी, सिरहा जिल्लाका छानिएका २/२ पालिकाहरुमा संचालनमा छ।

**आयोजनामा निम्नानुसार सम्भागहरु रहेका छन्:-**
सम्भाग क : जलवायु र पोषण अनुकूल कृषि प्रविधि अनुसरण र प्रसार
सम्भाग ख: बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आय आर्जन र विविधिकरण
सम्भाग ग : पोषण पाठशाला र पोषण घर बगैचा
सम्भाग घ : आयोजना व्यवस्थापन, सचालन र अनुगमन तथा मुल्यांकन

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
**आयोजना व्यवस्थापन इकाई**
**धनुषा, जनकपुरधाम**

# राज्य पुन:संरचनाको अलपत्र एजेन्डा



-जुनसुकै व्यवस्था आए पनि लाभ पाइरहने वर्ग र समुदायका लागि राज्यको पुन:संरचना चासोको विषय बन्न सकेन, त्यसैले नेपालको शासकीय व्यवहार र संस्कृतिको पुन:संरचना बीच बाटोमै रुमलिन पुगेको छ। २०४६ पछिका सबैजसो राजनीतिक र सामाजिक आन्दोलनको मुख्य एजेन्डा राज्यको पुन:संरचना थियो। जनतामाथि लुट मच्चाइरहेको सामन्ती व्यवस्थाको संरचनागत मियो निरंकुश राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापित गर्ने, एकात्मक र केन्द्रिकृत राज्यको अन्त्य गरी जनताको पहुँचसम्म पुग्ने संघीय शासन व्यवस्थाको अभ्यास गर्ने, असमावेशी राज्यसंरचाका कारण बहुसंख्यक नेपाली राज्यसत्ताको मूलप्रवाहबाट वञ्चितीकरणको अवस्थामा पारिएको हुँदा सबै जातजाति, वर्ग, लिंग र समुदायको समानुपातिक प्रतिनिधित्वसहितको समावेशी लोकतन्त्रको स्थापना गर्ने र जातजाति, लिंग, समुदाय, भाषा, संस्कृति आदिका आधारमा हुने सबै किसिमको विभेदको अन्त्य गरी सामाजिक न्यायमा आधारित समाज व्यवस्था स्थापना राज्य पुन:संरचनाको मुख्य लक्ष्य थियो। यति मात्रै होइन, शान्ति, समृद्धि र पूर्ण लोकतन्त्र सहितको अग्रगामी राज्यको पुन: संरचनाप्रति राजनीतिक दलहरूले प्रतिबद्धता गरेका थिए।

नेपाली राज्यलाई अहिलेको व्यवस्थामा ल्याउनका लागि राजनीतिक दलबीच भएको १२ बुँदे सम्झौतादेखि बृहत् शान्ति सम्झौताको मूल आशय पनि यही नै थियो। संविधानसभाको समयमा शासकीय स्वरूप र संघीयताजस्ता राज्य पुन:संरचनाका बृहत् सवालमा राजनीतिक बहस र छलफल हुन्थे, तर संविधान निर्माणसँगै राज्य पुन:संरचाका सवाल गुमनामजस्तै भएको छ। राज्य पुन:संरचना निरन्तर प्रक्रिया हो, शासकीय व्यवस्थामा मात्रै भएको रूपान्तरणले राज्य पुन:संरचनाको कार्यभार पूरा हुँदैन।

राज्यका समग्र संरचनाकै पुन:संरचना, शासकीय संस्कृतिमा रूपान्तरण, आर्थिक स्रोत-साधनमाथिको स्वामित्वको पुनर्वितरण, सामाजिक-सांस्कृतिक र मनोवैज्ञानिक तहसम्मको पुन:संरचनाका मुद्दामा राज्य र राजनीतिक दललाई कुनै चासो छैन। राज्य पुन:संरचनाको यात्रा बीचैमा अलपत्र छोडेर पार्टीहरू सत्ताको भागबन्डा र लुछाचुँडीमा व्यस्त छन्, जसले जनताले अपेक्षा गरेअनुरूपको राज्य पुन:संरचनालाई गतिहीन बनाएको छ। **शासक र शैली उस्तै** निकै ठूलो क्रान्ति र राजनीतिक संघर्षबाट प्राप्त भएको गणतन्त्रात्मक व्यवस्थाको अभ्यास सुरु भएपछि जनताले रूपान्तरित शासकीय व्यवस्थाको अपेक्षा गरेका थिए। स्वाभाविक रूपमा निरंकुश राजतन्त्रको अन्त्यपछि नेपाली नागरिक राष्ट्रपति बन्ने परिवेश तयार भयो। जनताले नै निर्वाचित गरेको व्यक्ति राष्ट्रप्रमुख र कार्यकारी प्रमुख बनेका छन्। तर, जनताले संरचनामा मात्रै पुन:संरचना खोजेका थिएनन्। जनताले राज्यको पुन:संरचनासँगै सत्ता सम्हाल्ने व्यक्ति, प्रवृत्ति र शैलीमा पनि रूपान्तरण खोजेका थिए।

राजाले आफूलाई संविधान र जनताभन्दा माथि राखेर शासन सञ्चालन गरे, त्यसैले गणतन्त्रका सत्ता सञ्चालकले जनताका समस्यालाई हल गर्ने, अग्रगामी सामाजिक-राजनीतिक व्यवस्थाको नेतृत्व लिने, जनताको आर्थिक जीवनमा रूपान्तरण गर्ने र समुन्नत समाज निर्माण गर्ने कामको नेतृत्व सत्ताका नेतृत्वकर्ताले गर्छन् भन्ने अपेक्षा हो। जनताले चाहेको हरेक दुःख, कष्ट र अप्ठ्यारोमा राज्य छ भन्ने महसुस गर्ने अवस्था बनोस् भन्ने हो।

सबै नागरिकले आधारभूत अधिकारको सहज अभ्यास गर्ने वातावरण बनोस्, कसैले भोकभोकै मर्न नपरोस्, गरिबी र अभावको अवस्थाबाट मुक्त हुने परिवेश बनोस्, अशिक्षा र बेरोजगारी बेहोर्न नपरोस्, औषधि नपाएर अकालमा ज्यान जाने अवस्था नरहोस्, र न्याय र आत्मसम्मानसहितको जीवन बाँच्न पाइयोस्। जनताले राज्यको पुन:संरचनाबाट यस्तै राज्यसत्ता, शासकीय व्यवहार र शैलीको आशा गरेका थिए। नेपालको राजनीति सत्तादेखि सत्तासम्मको गोलचक्करबाट माथि उठ्न सकेको छैन। २०७४ पछि मात्रै पाँचओटा सरकार फेरिए। यसरी बनेका सरकारले सरकार सञ्चालनको शैलीमा पुन:संरचना गरे न त राज्यका अवयवलाई नै पुन:संरचना गर्ने विषयमा ध्यान दिए। बरु, सत्ताको नेतृत्व सम्हालेपछि दम्भी शासकमा रूपान्तरित भए। तिनले जनताका दुःख र कष्ट सुन्ने कानहरू बन्द गरे। जनतासामु गरेका वाचालाई तिलाञ्जली दिए र झूट र बेइमानीलाई शासकीय संस्कृति बनाए। राज्यका सबैजसो अंगलाई पार्टी राजनीतिको अखडा बनाए।

भ्रष्टाचारीलाई कारबाही गर्नुपर्ने अख्तियारमा राजनीतिक नियुक्ति हुन्छ। स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने आयोगको पदाधिकारीमा राजनीतिक भागबन्डा हुन्छ। निष्पक्ष न्याय निरुपण गर्नुपर्ने न्यायालयमा न्यायाधीश नियुक्त गर्दा राजनीतिक आबद्धता खोजिन्छ। व्यापारीलाई मन्त्रालय जिम्मा लगाइन्छ। विकास निर्माणको जिम्मा पहुँचवाला ठेकेदारलाई दिइन्छ। यस्तो परिपाटीले पञ्चायतदेखि गणतन्त्रसम्म निरन्तरता पाइरहेको छ। अर्कोतिर, शासनसत्तामा पुग्ने व्यक्ति र प्रवृत्तिमा पनि खासै परिवर्तन भएन। विगत ३० वर्षदेखि सत्ताको लाभ लिइरहेका र पटक-पटक असफलसिद्ध भइसकेको परम्परागत 'रुलिङ एलिट' ले सदावहार राजनीतिक नेतृत्व कब्जा गरेको छ।

साभार : कान्तिपुर।


# जनहितमा जारी संदेश

**सर्पदंशबाट बच्ने उपायहरु**

-सर्प दिउँसो भन्दा राती बढी निस्कन्छ। त्यसैले राती घरबाहिर निस्कनु परे उज्यालो (टर्च, बत्तीहरू) बोकेर मात्रै निस्कने।
-खाली खुट्टा घर बाहिर ननिस्कने।
-सर्प बस्ने सम्भावित ठाउँहरू (जस्तैं दाउराको चाङ, पराल, ढुङ्गा तथा ईटा थुपारेको ठाउँ) मा चलाउनु परे लामो लट्ठीले चलाउने।
-घर वरीपरिका झार, फोहोरको थुप्रो हटाउने र जमिनका प्वालहरू भए पुर्ने।
-घर वरिपरि खानेकुराहरू नफाल्ने। फालिएको खानेकुरा खान मुसा, भ्यागुता आउने हुँदा त्यहाँ सर्प पनि आउँछ।
-साना केटाकेटीलाई मुसाको दुलामा हात हाल्न, दाउराको चाङमा हात घुसाउने, झाडीमा जानबाट रोक्ने।
-शरीरमा पातलो कपडा भए पनि लगाउने। जसले सर्पले टोके पनि विष प्रवेशलाई केही मात्रामा भए पनि रोक्छ।
-सर्पलाई नजिस्काउने।
-सर्प मरेको जस्तो देखिए पनि वास्तवमा मरेको नहुन सक्छ। त्यस्तो अवस्थामा नचलाउने।
-सकेसम्म घरभित्र कुखुरा, हाँस, परेवाको खोर नराख्ने। यस्तो खोरमा जथाभावी हात नहाल्ने।
-राती सुत्दा झुलको प्रयोग गर्ने। सकेसम्म पलङ वा खाटमा मात्रै सुत्ने।
-पोखरी, तलाउ, खोला, नदीनालामा बिषालु सर्प पनि हुन सक्छन्। यस्ता स्थानमा पौडी खेल्दा, खोला तर्दा सावधानी अपनाउने।

**जुनोटिक रोग रोक्ने उपायहरू :**

-सुरक्षित खाना ह्यान्डलिङ अभ्यास गर्नुहोस्। यसमा उपभोग गर्नु अघि सबै उत्पादनहरू धुनु समावेश छ।
-साबुन र पानीले राम्ररी हात धुनुहोस्।
-ह्यान्डल गर्दा वा जनावरहरूसँग नजिकको सम्पर्कमा उपभोग, पिउने वा आफ्नो आँखा वा मुख नछुनुहोस्।
-घरमा घरपालुवा जनावरहरूलाई खोप लगाउनुहोस् र तिनीहरूलाई पशुचिकित्सकको नियमित वार्षिक भ्रमणको लागि लैजानुहोस्।
-लामखुट्टे, पिसा र टिक्सलाई टाढै राख्नको लागि कीटनाशक वा अन्य विधिहरू प्रयोग गर्नुहोस्।

**एएमआर रोक्ने उपायहरू :**

-आफू खुशि एन्टीबायोटिक औषधि सेवन गर्नु हुँदैन।
-चिकित्सकका सल्लाह अनुसार मात्र सेवन गर्ने।
-चिकित्सकको पूर्जा बिना एन्टिबायोटिक औषधि विक्रि वितरण गर्नुहुँदैन।
-एन्टिबायोटिक औषधि जहिले पनि चिकित्सकको सल्लाह अनुसार डोज सेवन गर्ने।

अनुरोधकर्ता
**कटहरिया नगरपालिका**
स्वास्थ्य शाखा, रौतहट



# पत्रिका/पेपर

**कम्प्यूटराईज गराउन सम्झनुहोस।**



सम्पर्क -: ढिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश






प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday